# प्रदेश सभा

# अर्थ विकास तथा प्राकृतिक स्रोत समिति

सुदूरपश्चिम प्रदेश धनगढी, कैलाली

**वैठक संख्या :- ०६**

मिति २०८०।०४।२८

## छलफल तथा निर्णय

**निर्णयहरु**

१. केही दिनदेखि परिरहेको अविरल वर्षासंगै लेदो खस्ने कार्य नरोकिएर गएको पहिरो र सडक भासिएका कारण धनगढी-डडेल्धुरा जोड्ने भीमदत्त राजमार्गको बुढीतोला सडक खण्ड विगत एक सातादेखि अवरुद्ध भएकोमा समितिको गम्भिर ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा अर्थ, विकास तथा प्राकृतिक श्रोत समितिका माननीय ज्येष्ठ सदस्यज्यूको संयोजकत्वमा समितिका माननीय सदस्यहरु र समिति सचिव लगायतको टोली पहिरोका कारण क्षतिग्रस्त भिमदत्त राजमार्गको बुढितोला सडकखण्ड र बाढीका कारण क्षतिग्रस्त बनेको कैलालीको टिकापुर र भजनीमा भएको क्षतिको अवस्था र वस्तुस्थिती अनुगमन, निरिक्षण गर्नका लागि मिति २०८०/०४/२९ गते जाने निर्णय गरियो ।

२. प्राकृतिक प्रकोपका कारण प्रदेशका विभिन्न जिल्लाहरुमा भएको क्षतिको विवरण र विपद न्यूनिकरणका लागि मन्त्रालयस्तरबाट भएको कार्यका साथसाथै समग्र प्रदेशको सडक, सिंचाई, खानेपानी लगायत भौतिक पुर्वाधारका क्षेत्रमा भएको क्षतिको विवरण र क्षति न्युनिकरणका लागि भएका कार्यहरुको विवरण तथा विपदका कारण धनजनमा भएको क्षतिको विवरण र पीडित पक्षलाई सुरक्षा र उद्धारका कार्यहरुको यथार्थ विवरण माग गरी सो सम्बन्धमा समिति समक्ष जानकारी गराउनका लागि सुदूरपश्चिम प्रदेशका माननीय भौतिक पुर्वाधार विकास मन्त्री र मन्त्रालयका सचिवलाई मिति २०८०।०४।३० गते दिउँसो ३:०० बजे बस्ने समितिको बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।